दोरम्बा शैलुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
टोकरपुर, रामेछाप
बागमती प्रदेश, नेपाल ।

प.सं. २०८१।०८२
च.नं.

मिति २०८१।०५।१३

## प्रेस विज्ञप्ती ।

दोरम्बा शैलुङ गाउँपालिकाको वडा नं. ३ लेखर्क भन्ने स्थानमा मिति २०८१ साल भाद्र ८ गते परेको अविरल वर्षाले ठुलो धनजनकोक्षति भएको व्यहोरा सर्वविधित नै छ । यस विषम परिस्थितीको कारण सिंगो गाउँपालिका अत्यन्तै दुखित छ । यस दुखद घडिमा गाउँपालिकामा बसोबास गरिरहनु भएका दाजुभाई तथा दिदीबहिनहरु धैर्य धारण गरि सुरक्षित रहनुहुन समेत गाउँपालिका परिवार हार्दिक अनुरोध गर्दछौं ।

उक्त स्थानमा भएको जनजनको क्षतिको लागि राहत संकलन, अस्थायी वसोबासका कार्यहरु भइरहेको छ । गाउँपालिकाको मिति २०८१/०५/१० गते, पालिका स्तरिय विपद् व्यवस्थापन मितिको वैठक र जिल्ला विपद् व्यवस्थापन समिति समेतको निर्णय अनुसार राहत वितरण कार्य गाउँ पालिकाको एकद्वार प्रणाली मार्फत वितरण गर्ने भन्ने निर्णय भएको व्यहोरा सर्बबिधित नै छ । यसै अवस्थामा नेकपा एमालेले निर्णय विपरित आफ्नो खुसीले रहत वितरण गरेको भन्ने सुनिन आएकोले गाउँपालिकाको ध्यान आकर्षण भएको छ । यस विषम परिस्थितीमा राहत वितरण कार्यलाई व्यवस्थित ढंगवाट सञ्चालन गर्न सबै संघ सस्था, नागरिक समाज, राजनैतिक दल, व्यक्ति तथा समुदायलाई गाउँपालिकाको निर्णय अनुसार राहत वितरण कार्यलाई सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

.................
मेचमान योञ्जन (संगम)
प्रवक्ता
दोरम्वा शैलुङ गाउँपालिका, रामेछाप